नेपाल पत्रकार महासंघ
नेपाल पत्रकार महासंघ केन्द्रीय समिति सञ्चारग्राम, काठमाडौं
Central Committee Federation of Nepali Journalists

मिति : २०७५।०५।१७

## प्रेस विज्ञप्ति

भाद्र ९ गतेदेखि बाजुरा जिल्लाको बुढीनन्दा क्षेत्रबाट हराइरहेका बुढीनन्दा एफएममा कार्यरत पत्रकार तेजबहादुर खड्काको खोजी कार्यलाई प्रभावकारी बनाउन नेपाल पत्रकार महासंघले पहल अघि बढाएको छ । महासंघले महासचिव रमेश विष्टको संयोजकत्वमा गठन गरेको समितिले प्रदेश नं ७ का मुख्यमन्त्री त्रिलोचन भट्ट, आन्तरिक मामिला तथा कानुनमन्त्री प्रकाशबहादुर शाह र प्रदेश प्रहरी प्रमुख डिआइजी सुरज केसीसँग छलफल गरेको छ ।

छलफलमा महासंघका टोलीले पत्रकार खड्काको खोजीमा कुनै कसर बाँकी नराखी काम गर्न आग्रह गरेको छ भने अहिले सम्मको प्रयासको लागि धन्यवाद दिएको छ । मुख्यमन्त्री भट्टले पत्रकार खड्काको खोजीमा प्रदेश सरकारले कुनै कमी हुन नदिने प्रतिवद्धता व्यक्त गर्नुभएको छ । मुख्यमन्त्री भट्टले भौगोलिक विकटता र प्रतिकूल मौसमका कारण खोजीकार्यमा कठिनाई भइरहेको बताउनु भएको छ ।

महासंघसँगको भेटमा प्रदेश सरकारका आन्तरिक मामिला तथा कानुनमन्त्री शाहले पत्रकार खड्काको खोजीमा नेपाली सेना, नेपाल प्रहरी र स्थानीय जनता परिचालित भएको जानकारी गराउँदै खोजी कार्यमा कुनै कमी नहुने प्रतिवद्धता व्यक्त गर्नुभयो ।

महासंघले खड्काको खोजीका लागि केन्द्र, प्रदेश र स्थानीय तहमा पहल गरिरहेको छ । करिव १६ हजार फिटको उचाइमा पर्ने बुढीनन्दा क्षेत्रबाट हराएका पत्रकार खड्काको खोजी कार्यमा सघाउन महासंघ सम्बन्धित सबैमा आह्वान गर्दछ ।

रमेश विष्ट
महासचिव

फोन नं :००९७-१-४-११२७६३, ४-११२६७३, फ्याक्स : ४-११२७८५, इमेल : fnjnepal@mail.com.np, Website: www.fnjnepal.org